# बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
**OFFICE OF MUNICIPAL EXECUTIVE**

बेलबारी, मोरङ
BELBARI, MORANG
कोशी प्रदेश, नेपाल
(KOSHI PROVINCE, NEPAL)

प.सं. – २०७९/०८०
च.नं. - ४४२२

मितिः २०८०।०२।३०

**विषयः विमाको औषधी व्यवस्थापन सम्बन्धमा।**

श्री बेलबारी नगर अस्पताल
बेलबारी - १

प्रस्तुत विषयमा बेलबारी नगर अस्पतालमा भित्र तोकिएको सर्त, सेवा र सुविधमा विमा सुविधा वापतको औषधी चिकित्सकको परामर्श/सिफारिसमा बिक्री वितरण गर्नका लागि रित पूर्वक सम्झौता गरी श्री शुभ किरण मेडिको दमक, झापालाई जिम्मेबारी प्रदान गरिएको विषय विधित नै छ । श्री शुभ किरण मेडिको दमक, झापाले औषधी दिदा सेवाग्राहीलाई तत्काल विल नदिएको भनि गुनासो प्राप्त हुन आएकोले सो विषय के कसो भएको हो ? तहाँबाट जाँच बुझ गर्नुहुन एवम् अव आइन्दा विमा एवम् अस्पताल व्यवस्थानका सम्बन्धमा देहाय बमोजिमको कार्य अनिवार्य गर्नु/गराउनुहुन र सो को साप्ताहिक रुपम नगरपालिकाको सम्बन्धित शाखामा रिपोटिङ गर्नुहुन जानकारी गराइन्छ ।

देहाय

१. श्री शुभ किरण मेडिकोबाट विमा बापतको औषधी सेवाग्राहीलाई दिदा अनिवार्य रुपमा चिकित्सकको परामर्शको आधारमा मात्र दिने व्यवस्थालाई थप सुनिश्चित गर्ने ।
२. श्री शुभ किरण मेडिकोले सेवाग्राहीलाई औषधी दिदा प्रदान गरेको औषधीको विल अनिवार्य र तत्कालै दिने व्यवस्था गर्ने ।
३. श्री शुभ किरण मेडिकोले बुदा नं. १ र २ बमोजिम गरे नगरेको नियमित र छड्के अनुगमन गर्ने ।
४. श्री शुभ किरण मेडिकोले सेवाग्राहीलाई प्रदान गरेको औषधी र विल विचको तादम्यता विमा शाखामा काम गर्ने कर्मचारीबाट अनिवार्य रुपमा नियमित ढङ्गले चेक गर्ने व्यवस्था गर्ने ।
५. माथी उल्लेखित कार्यको प्रगतिको सम्बन्धमा अस्पताल प्रमुख एवम् प्रशासन प्रमुखले पूर्ण जिम्मेबार र उत्तरदायी भई कार्य गर्ने । यस विषयको सम्पूर्ण जिम्मेबारी अस्पताल प्रशासनको हुने ।
६. अस्पतालमा दैनिक रुपमा भएको आम्दानी सोही दिन अनिवार्य रुपमा बैक दाखिला गर्न लगाउने ।
७. अस्पताल प्रशासमा हुने आय र व्ययको सञ्चालन तथा व्यवस्थापन प्रचलित आय सम्बन्धी कानुन एवम् सार्वजनिक खरिद कानुनको पूर्ण पालना गर्ने ।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

belbarimun.gov.np
021-434259
021-434213
info@belbarimun.gov.np

प.सं. – २०७९/०८०
च.नं. -

८. सबै प्रकारका कार्य गर्दा प्रचलित सम्बन्धित सार्वजनिक कानुन, नगरपालिकाको निर्णय र सार्वजनिक हितको सिद्धान्तलाई मध्यनजर गरी मात्र गरी गर्ने /गराउने ।

**बोधार्थ :**

१. श्रीमान नगर प्रमुख /उपप्रमुख ज्यू – जानकारी, समन्वय एवम् अनुगमनका लागि ।
२. श्रीमान वडा अध्यक्ष ज्यू, वडा नं. १ - जानकारी, समन्वय एवम् अनुगमनका लागि ।
३. श्री प्रशासन शाखा – समन्वय एवम् जानकारीका लागि ।
४. श्री शुभ किरण मेडिको दमक, झापा – माथी उल्लेख भए बमोजिमका तहाँसग सम्बन्धित विषयका सम्बन्धमा अनिवार्य रुपमा कार्यान्वयन गर्नुहुन अन्यथा पालिकाबाट विमा दावी भूक्तानी सम्बन्धि सम्झौताको सर्त बमोजिम कार्य नहुने व्यहोरा अनुरोध ।
५. श्री सूचना प्रविधि शाखा – वेवसाइटमा अपलोड गरिदिने, अस्पताल प्रमुख, अस्पताल प्रशासन प्रमुख, वडा नं. १ र शुभ किरण मेडिको दमक, झापालाईइमेल गरिदिनुहुन ।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत